# गौरीगङ्गा राजपत्र

गौरीगङ्गा नगरपालिकाद्वारा प्रकाशित

खण्ड ९ चौमाला, कैलाली अषाढ १० गते, बिहिबार २०८२ साल, (संख्या ४)


# आर्थिक बर्ष २०८२/८३ को

# आर्थिक ऐन

**नगर सभाबाट स्वीकृत मितिः २०८२।०३।१०**
**प्रमाणिकरण मितिः २०८२।०३।१०**

**प्रस्तावनाः**

गौरीगङ्गा नगरपालिकाको **आर्थिक वर्ष २०८२/८३** को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय राजश्व संकलन गर्ने, कर घटाउने, कर बढाउने, छुट दिने तथा राजश्व प्रशासन सम्बन्धमा आवश्यक कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम गौरीगङ्गा नगरसभाले यो ऐन बनाएको छ

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "**गौरीगङ्गा नगरपालिकाको आर्थिक ऐन, २०८२**" रहेको छ।

(२) यो ऐन सम्वत् **२०८२ साल श्रावण १** गतेदेखि गौरीगङ्गा नगरपालिका क्षेत्रभित्र लागू हुनेछ ।

२. **सम्पत्ति करः** (१) नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको घर र सो घरले चर्चेको जग्गामा तथा अन्य भौतिक संरचना र संरचनाले चर्चेको जग्गामा **अनुसूची-१** बमोजिम सम्पत्ति कर लगाइने र असुल उपर गरिनेछ ।

<u>स्पष्टीकरण</u> : **यस दफाको प्रयोजनका लागी "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म सम्झनुपर्छ ।**

(२) उपदफा (१) को प्रयोजनका लागी घर र घरजग्गाको मूल्यांकन देहायका आधारमा गरिनेछ।

(क) घर र घरजग्गाको आकार, प्रकार, बनौट र उपयोगको अवस्था,

(ख) घर र घरजग्गाको चलनचल्तीको मुल्य र घरको ह्रास मुल्य,

(ग) घर र घरजग्गाको व्यापारिक वा आवासिय उपयोगको अवस्था ।

(३) उपदफा (१) बमोजिम घर र घरजग्गामा सम्पत्ति करको दर निर्धारण गर्दा नागरिकको जीवनस्तर, आर्थिकस्तर र नागरिकले कर तिर्न सक्ने क्षमताको आधारमा गरिनेछ ।

गौरीगंगा राजपत्र

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि देहायको घर र घरजग्गामा सम्पत्ति कर लगाईने छैन ।:-

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको स्वामित्वमा रहेको घर र घरजग्गा,

(ख) सरकारी अस्पतालको घर र घरजग्गा,

(ग) गुठीको स्वामित्वमा रहेको घर र जग्गा,

(घ) मुनाफाको उद्देश्य नराखी सञ्चालन गराएको सरकारी शिक्षण संस्था, कम्पनी, समिति, प्राधिकरण, बोर्ड र सरकारी संस्थानको घर र घरजग्गा,

(ङ) मुनाफाको उद्देश्य नराखी सञ्चालन भएका संघ, संस्थाको घर र घरजग्गा,

(च) धार्मिक संस्था (मन्दिर, गुम्बा, चर्च, मस्जिद आदी) को घर र घरजग्गा,

(छ) खानेपानी सङ्कलन पोखरी, विद्युतगृह, मसानघाट, कब्रिस्तान, कर्वला, मजार, विमानस्थल, बसपार्क, रंगशाला, उद्यान, पार्क जस्ता सार्वजनिक उपयोगका स्थलहरू,

(ज) राजदूतावास, वाणिज्य नियोग, कुटनैतिक नियोगका घर र घरजग्गा ।

**३. भूमिकर (मालपोत):** नगरपालिकाको आफ्नो क्षेत्रभित्रका जग्गामा त्यस्तो जग्गाको उपयोगका आधारमा **अनुसूची-२** बमोजिम भूमिकर (मालपोत) लगाई असुल उपर गरिनेछ तर दफा (२) बमोजिम सम्पत्ती कर लगाएको जग्गामा भूमिकर (मालपोत) लगाइने छैन।

**४. घरजग्गा बहाल करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा नगरपालिकाले त्यस्तो बहाल रकममा **अनुसूची-३** बमोजिम घरजग्गा बहाल कर लगाई असुल उपर गरिनेछ ।

**५. व्यवसाय करः** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा **अनुसूची-४** बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

**६. सवारी साधन करः** नगरपालिका क्षेत्रभित्र दर्ता भएका टांगा, रिक्सा, अटोरिक्सा, विद्युतीय रिक्सा, ठेला आदि सवारी साधनमा **अनुसूची-५** बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।

**७. विज्ञापन करः** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा **अनुसूची-६** बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**८. मनोरञ्जन कर** : नगरपालिका क्षेत्रभित्र हुने मनोरञ्जन जन्य सेवामा प्रदेश आर्थिक ऐन बमोजिम मनोरञ्जन कर लगाईने र असुल उपर गरिनेछ। तर प्रदेश आर्थिक ऐनमा यस सम्बन्धी कुनै प्रावधान नभएमा **अनुसुची-७** बमोजिम मनोरञ्जन कर लगाउने र असुल उपर गरिनेछ।

**९. बहाल बिटौरी शुल्कः** नगरपालिका क्षेत्रभित्र नगरपालिकाले निर्माण, रेखदेख वा संचालन गरेका हाट बजार पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत **अनुसूची-८** मा उल्लेख भए अनुसार बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ।

**१०.पार्किङ्ग शुल्कः** नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत **अनुसूची -९** बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ।

**११.सेवा शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र निर्माण, संचालन र व्यवस्थापन गरेका केबलकार, ट्रेकिङ्ग, क्यानोनिङ्ग, बञ्जीजम्प, जिपफ्लायर, र्‍याफ्टिङ्ग लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद

सम्बन्धी सेवा वा व्यवसायमा **अनूसूचि-१०** मा उल्लेखित व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ ।

**१२.पर्यटन शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट **अनुसूची-११** मा उल्लेखित दरमा पर्यटन शुल्क लगाउने र असुल उपर गर्नेछ ।

**१३.नाऊ घाट शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्र भित्र संचालन हुने नाऊ घाट बाट **अनुसूचि-१२** मा उल्लेखित दरमा व्यवस्था भए अनुसार शुल्क लगाउने र असूल उपर गर्नेछ ।

**१४.कृषि तथा पशुपन्छीजन्य बस्तुको व्यावसायिक कारोवारमा निकासी शुल्क ः** नगरपालिका क्षेत्रभित्र हुने कृषि, पशुपन्छी तथा माछाजन्य बस्तुको निकासीमा आधारित व्यावसायिक कारोवारमा **अनुसूचि-१३** मा उल्लेखित दरमा व्यवस्था भए अनुसार निकासी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

**१५.जडीबुटी, कवाडी र जीवजन्तु करः** कुनै व्यक्ति वा फर्मले उन, खोटो, जडीबुटी, बनकस, कवाडी मालसमान तथा प्रचलित कानून बमोजिम निषेधित गरिएका जीवजन्तु बाहेकको हाड, सिँग प्वाँख, छाला वा यस्तै प्रकृतिको वस्तुको व्यावसायिक कारोबार गरेमा त्यस्तो कारोबारमा **अनुसूचि-१४** मा उल्लेखित दरमा व्यवस्था भए अनुसार जडिबुटी कर, कवाडी कर र जीवजन्तु कर लगाइने र असूल उपर गरिनेछ ।

**१६.नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा, भरान आदी ) बिक्री करः** यस नगरपालिका क्षेत्रभित्र भएर बग्ने प्रारम्भिक वातावरणीय परीक्षण (IEE) तथा वातावरण प्रभाव मूल्याँकन (EIA) गरिएका र घाटगद्दी तोकीएका नदीनाला तथा खोलाहरुबाट IEE तथा EIA प्रतिवेदनमा तोकिएको परिमाणमा ढुंगा, गिट्टी, बालुवा, भरान, ग्राभेल र माटो आदीमा **अनुसूचि-१५** मा उल्लेख भए बमोजिम कर लगाई असुल उपर गरिनेछ ।

**१७.सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ, दाउरा, जराजुरी, दहत्तर बिक्री कर :** यस नगरपालिका क्षेत्रभित्रका सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ दाउरा, जराजुरी तथा दहत्तर बहत्तर **अनुसुचि-१६** मा उल्लेख भए बमोजिमको कर लगाई असुल उपर गरिनेछ ।

**१८.सामुदायिक वन पैदावारको बिक्रीमा करः** नगरपालिकाको आफ्नो क्षेत्रभित्रका सामुदायिक वनहरुमा रहेको वन पैदावारको बिक्रीमा **अनुसूची-१७** मा उल्लेखित दरमा कर लगाईने र असुल उपर गरिनेछ ।

**१९.सेवा शुल्क र दस्तुर :** नगरपालिकाले दैनिक रुपमा प्रदान गर्ने प्रशासनिक तथा अन्य सेवा सुविधामा **अनुसूची-१८** मा उल्लेखित दरमा सेवा शुल्क तथा दस्तुर लगाइने र असुल उपर गरिनेछ ।

**२०.कर, दस्तुर, सेवा शुल्क र रोयल्टी छुट सम्बन्धी विशेष व्यवस्था :** विगतका आर्थिक वर्ष वा चालु आर्थिक वर्षमा देशभर वा देशको कुनै भागमा प्राकृतिक विपत्ति, महामारी वा विशेष आर्थिक संकटका कारण आर्थिक ऐनले निर्धारण गरेका कुनै कर, दस्तुर, सेवा शुल्क वा रोयल्टी संकलन हुन नसक्ने परिस्थिति सृजना भएमा कार्यपालिकाबाट निर्णय गरी देहायको आधारमा कर, दस्तुर, सेवा शुल्क वा रोयल्टीमा आंशिक वा पुर्ण रुपमा छुट दिन सकिनेछ ।

१. नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारबाट माथि उल्लेखित परिस्थिति सृजना भएको घोषणा भई लकडाउन, सटडाउन, आर्थिक संकटकालको घोषणा भएको हुनुपर्ने,

२. कर संकलन गर्ने ठेक्का लिएको ठेकेदार वा फर्मबाट ठेक्का अवधिमा प्रतिकुल परिस्थिति सृजना भई कर संकलन गर्न नसकेकोले मिनाहा गरिदिन अनुरोध गरेको निवेदन दिएको हुनुपर्ने,

३. उक्त परिस्थिति सृजना भई कर, दस्तुर, सेवा शुल्क र रोयल्टी संकलन गर्न नसकेको भनी राजश्व परामर्श समितिबाट मिनाहा दिनुपर्ने रकम यकिन गरिएको हुनुपर्ने,

४. सोको सुचना सम्बन्धित नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको हुनुपर्ने ।

५.यसरी कर, दस्तुर, सेवा शुल्क आदिमा आंशिक वा पुर्ण रुपमा छुट दिईएको विवरण प्रत्येक वर्ष नगरसभामा पेश गर्नुपर्ने ।

५. नगरपालिकाले आव्हान गर्ने कुनै पनि आन्तरिक आयको ठेक्कामा सम्झौता बमोजिमको ठेक्का रकम एकमुष्ठ रुपमा वुझाउने व्यक्ति वा फर्मलाई सो आयठेक्काको सुचनामा उल्लेख भए अनुसार **बढीमा ५ प्रतिशतसम्मको** रकम छुट दिन सकिने छ ।

**२१.कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि :** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि तथा मापदण्ड नगरपालिकाले तोके अनुसार हुनेछ ।

**२२.राजश्व दाखिला :** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि नगरपालिकाले संकलन गर्ने आन्तरिक राजश्व देहाय बमोजिम नगरपालिकाको आन्तरिक राजश्व खातामा दाखिला गर्ने गराउने जिम्मेवारी राजश्व शाखा प्रमुख र कार्यालय प्रमुखको हुनेछ । :-

(१) नगरपालिका तथा वडामा राजश्व संकलन कार्यमा प्रत्यक्ष रुपमा संलग्न कर्मचारी राजश्व संकलन र दाखिला सम्बन्धी कार्यप्रति मुख्य रुपमा जिम्मेवार र जवाफदेही हुनेछ ।

(२) संकलन गरिएको कर तथा गैरकर राजश्व सोही दिन नगरपालिको आन्तरिक राजश्व खातामा दाखिला गर्नु गराउनु राजश्व संकलन कार्यमा संलग्न कर्मचारी र कार्यालय प्रमुखको दायित्त्व एवम कर्तव्य हुनेछ ।

(३) सोही दिन राजश्व दाखिला गर्न नसकिने स्थिती भएमा भोली पल्ट (भोलीपल्ट बिदा परेमा त्यसपछि लगत्तै बैंक खोलेको दिन) दाखिला गर्नु पर्नेछ ।

(४) दैनिक रुपमा राजश्व दाखिला गर्न असहज हुने वडाहरुको हकमा (बैंकबाट भौगोलिक रुपमा टाढा रहेका वडाहरुको हकमा) कार्यालय प्रमुखले बढीमा ७ दिनको समयावधि दिई दाखिला गर्न लगाउनु पर्नेछ ।

(५) तोकिएको समयावधि भित्र राजश्व दाखिला नगरेको पाईएमा कार्यालय प्रमुखले दाखिला गर्न बाँकी रकम र सो रकमको १० प्रतिशतले हुन आउने जरिवाना समेत दाखिला गर्न लगाउनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको राजश्व र जरिवाना रकम दाखिला नगरेको पाईएमा कार्यालय प्रमुखले सो भन्दा बढी दिनको दैनिक ०.०५ प्रतिशतका दरले जरिवाना गरि दाखिला गर्न लगाउने तथा कसुरको मात्रा हेरि प्रचलित कानुन बमोजिम स्थायी कर्मचारीको हकमा विभागीय कारवाही र करार कर्मचारीको हकमा करार सम्झौता समेत भंग गर्न गराउन सक्नेछ ।

(७) उपदफा (६) बमोजिम कर्मचारीलाई कारवाही गर्दा निजले तिर्नु पर्ने दायित्त्वबाट निज कर्मचारी मुक्त भएको मानिने छैन ।

(८) यस दफामा जुनसुकै कुरा लेखिएको भएता पनि राजश्व संकलन कार्यमा जिम्मेवार कर्मचारीले राजश्व दाखिला गरेको श्रेस्ता खडा गर्न नसकेको मनासिव कारण खुलाई कार्यालय प्रमुख समक्ष निवेदन दिएमा र सो कारण निजलाई मनासिव लागेमा आवश्यकताका आधारमा बढिमा ७ दिनसम्मको राजश्व दाखिला म्याद थप गर्न सक्नेछ । सो अवधिको विलम्ब जरिवाना लाग्ने छैन ।

गौरीगङ्गा राजपत्र

(९) यस ऐनमा अन्यत्र जनुसुकै कुरा लेखीएको भएता पनि विगतका वर्षहरुमा भएका राजश्व दाखिला सम्बन्धी कार्यहरुमा जिम्मेवारी व्यक्तिहरु यस दफामा उल्लेख भए अनुसारकै भएको मानिनेछ।

**२२.पुरस्कार तथा जरिवाना :** यस नगरपालिकाबाट स्वीकृत भई जारी भएका ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, निर्णय आदिमा व्यवस्था भए बमोजिम पुरस्कार र जरिवानाको व्यवस्थालाई लागु गरिनेछ।

**२३.बाधा अडकाउ फुकाउ :** यस ऐनको कार्यान्वयनको क्रममा कुनै बाँधा अडचन आईपरेमा गौरीगङ्गा नगरपालिकाको नगर कार्यपालिकालाई बाँधा अडकाउ फुकाउने अधिकार हुनेछ ।

**२४.खारेजी :** साविकमा गौरीगङ्गा नगरपालिकाले लागु गर्दै आएका तथा भएका कर तथा शुल्क संकलन सम्बन्धी र राजश्व प्रशासन संचालन सम्बन्धी व्यवस्थाहरु यस ऐनसँग प्रतिकुल देखिएमा प्रतिकुल भएको हदसम्म खारेज हुनेछ ।

**अनुसूची :- १**

(दफा २ संग सम्बन्धित)

**सम्पत्ति कर**

**वडा नं. १ ( साविक चैमाला गा.वि.स. वडा नं. ३ र ५)**

| मुख्य क्षेत्र | स्थान | आर्थिक वर्ष २०८१/८२ को मुल्य (प्रति कठ्ठा) | आर्थिक वर्ष २०८२/८३ को स्वीकृत मुल्य (प्रति कठ्ठा) |
|---|---|---|---|
| १. व्यापारिक क्षेत्र | महेन्द्रराजमार्गसंग जोडिएका चैमाला बजार,गोप्का बजार र मंगलपुर बजार क्षेत्रका जग्गा | रु ३५,००,०००। | रु ३५,००,०००। |
| | महेन्द्रराजमार्गसंग जोडिएका बजार क्षेत्र बाहेकका जग्गा | रु.२४,००,०००/- | रु.२४,००,०००/- |
| २. आवासिय क्षेत्र | माघि चौराह, खल्ला र लठैया हुदै गोप्का चोक सम्म पक्की रिङ्गरोड क्षेत्र | रु.१०,००,०००/- | रु.१५,००,०००/- |
| | गोप्का समाज सेवा समिति देखी अमर खत्रीको घर सम्मको जाने पक्की सडक संग जोडीएको क्षेत्र | | रु.१५,००,०००/- |
| | पशुपति टोल देखि मंगलपुर चोक सम्म पक्की सडक संग जोडिएको क्षेत्र | | रु.१५,००,०००/- |
| | मंगलपुर चोक देखी दक्षिण चौराह हुदै पश्चिम तर्फ कल्भर्ट सम्मको पक्कि वाटो भएको क्षेत्र | | रु.१५,००,०००/- |
| | गोप्का चोक देखी पूर्व मंगलपुर जाने पक्की सडक भएको क्षेत्र | | रु.१५,००,०००/- |
| | गोप्का बोरिङ्ग टोल हुदै पश्चिम चौराह वाट उत्तर तर्फ राजमार्ग सम्म र दक्षिण सृजना ईटाभट्टा जाने पक्की सडङ्क | | रु.१५,००,०००/- |

| | | | |
|---|---|---|---|
| | माघी विधुत सबस्टशेन देखि पुर्व गोप्का कुलो पारी १०० मिटर सम्मको पक्की सडक | | रु.१५,००,०००/- |
| | चनौरा पक्की सडक देखी दक्षिण हुदै चौराह विचको कल्भर्ट सम्म जाने ग्राभेल वाटो | | रु.१०,००,०००/- |
| | लठैया मुक्त कमैया बस्तीको वाटो | | रु.७,००,०००/- |
| | लठैया जहरी खोला हुदै लिलेचोक वाट उत्तर र दक्षिण जाने ग्राभिल वाटो | | रु.७,००,०००/- |
| | गोप्का पक्की सडक वाहेकका ग्राभेल सडक | | रु.१०,००,०००/- |
| | माघी पक्की सडक वाहेकका ग्राभेल सडक | | रु.१०,००,०००/- |
| | लठैया पिच नभएका ग्राभेल सडक | | रु.१०,००,०००/- |
| | मंगलपुर पिच नभएका ग्राभेल सडक | | रु.१०,००,०००/- |
| | सम्झनापुर मुक्त कमैया ग्राभेल सडक | | रु.७,००,०००/- |
| | गोप्का कोठारी टोलको ग्राभेल सडक | | रु.१०,००,०००/- |
| | पशुपति टोल बोरीङ हुदै लठैया शिविर जाने ग्राभेल सडक | | रु.७,००,०००/- |
| | केदारेश्वर आ.वि देखी गोप्का जाने ग्राभेल सडक | | रु.१०,००,०००/- |
| | केदारेश्वर आ.वि देखी दक्षिण सम्म जाने ग्राभेल सडक | | रु.१०,००,०००/- |
| ३.कृषीक्षेत्र | सम्पुर्ण वाटो संग नजोडिएको क्षेत्र | रु.३,००,०००/- | रु.३,००,०००/- |
| | सम्पुर्ण वाटो संग जोडिएको क्षेत्र | | रु.५,००,०००/- |
| ४.वन तथा वगर क्षेत्र | | रु.५०,०००/- | रु.५०,०००/- |

**वडा नं. २ (साविक चैमाला गा.वि.स. वडा नं. २ र ६)**

| **मुख्य क्षेत्र** | **स्थान** | **आर्थिक वर्ष २०८१/८२ को स्वीकृत मुल्य (प्रति कठ्ठा)** | **आर्थिक वर्ष २०८२/८३ को स्वीकृत मुल्य (प्रति कठ्ठा)** |
|---|---|---|---|
| १. व्यापारिक क्षेत्र | चौमाला पुरानो बजार (मालिका टोल) | रु.१२,००,०००/- | रु.१२,००,०००/- |
| | महेन्द्रराजमार्ग संग जोडिएका क्षेत्र | रु.२४,००,०००/- | रु.२४,००,०००/- |
| | चौमाला पुरानो बजार रिङ्गरोड क्षेत्र | | रु.१२,००,०००/- |
| | वडा नं. ३ हुदै आमवगिया जोड्ने बेहडाबाबा पक्की सडक | | रु.१०,००,०००/- |
| | कालिका रिङ्गरोड पक्की सडक | | रु.१०,००,०००/- |
| | केदार पेट्रोलपम्प मार्ग ग्राभेल | | रु.१०,००,०००/- |
| | ज्योतिपुर पक्की सडक | | रु.८,००,०००/- |
| | चौमाला पुरानो बजार रिङरोड | | रु.८,००,०००/- |
| | चौमाला भोजपुर ग्राभेल सडक (राम बहादुर रानाको घर देखी पश्चिम भोजपुर जोड्ने) | | रु.१०,००,०००/- |
| | आम बगीया हुदै धबै पिपल चौतारा जोड्ने पक्की सडक | | रु.१०,००,०००/- |

| | | | |
|---|---|---|---|
| | धवै पिपल चौतारा हुदै उदासी जलघुस्रा जोड्ने पक्की सडक | | रु.८,००,०००/- |
| | नयाँ पलटिङ ग्राभेल रोड | | रु.५,००,०००/- |
| | चौमाला पुरानो वजार हुँदै आमवगिया,धवै पिपल चौतारासम्म कालोपत्रे सडकका आसपासका अवासिय क्षेत्र | रु.१०,००,०००/- | रु.१०,००,०००/- |
| | धवै शान्तिटोल, नमुना टोल,भागेश्वर टोल | रु.६,००,०००/- | रु.६,००,०००/- |
| ३. कृषी क्षेत्र | सडकले नछोएको कृषी योग्य जमिन | रु.३,००,०००/- | रु.३,००,०००/- |
| | सडकले छोएको कृषि योग्य जमिन | रु.५,००,०००/- | रु.५,००,०००/- |
| ४. वन तथा वगर क्षेत्र | | रु ५०,०००। | रु ५०,०००। |

## वडा नं. ३ (साविक चौमाला गा.वि.स. वडा नं. ४ र ९)

| मुख्य क्षेत्र | स्थान | आर्थिक वर्ष २०८१/८२ को स्वीकृत मुल्य (प्रति कठ्ठा) | आर्थिक वर्ष २०८२/८३ को स्वीकृत मुल्य (प्रति कठ्ठा) |
|---|---|---|---|
| १. व्यापारिक क्षेत्र | महेन्द्रराजमार्ग दायाँ वायाँ झिल र कुचैनी वजार क्षेत्र | रु ३०,००,०००। | रु ३०,००,०००। |
| | महेन्द्रराजमार्ग बजार क्षेत्र वाहेकको जग्गा | रु.२४,००,०००/- | रु.२४,००,०००/- |
| | महेन्द्रराजमार्ग भन्दा भित्र दायाँ वायाँ कालेपत्रे सडक | रु.१५,००,०००/- | रु.१५,००,०००/- |
| | महेन्द्रराजमार्ग भन्दा भित्र दायाँ वायाँ ५०० मिटर भित्र पक्की सडक | रु.१२,००,०००/- | रु.१२,००,०००/- |
| २. आवासिय क्षेत्र | महेन्द्र राजमार्ग भन्दा भित्र मुख्य पक्की सडक संग जोडीएका क्षेत्र | | रु.१०,००,०००/- |
| | झिलगाउँ भित्र, भोजपुर र कुचैनी क्षेत्र भित्री पक्की शाखा सडक | रु.८,००,०००/- | रु.८,००,०००/- |
| | झिलगाउँ भित्र, भोजपुर र कुचैनी क्षेत्र भित्री ग्राभेल शाखा सडक | | रु.६,००,०००/- |
| ३. कृषी क्षेत्र | सडकले नछोएको कृषी योग्य जमिन | रु.३,००,०००/- | रु.३,००,०००/- |
| | सडकले छोएको कृषी योग्य जमिन | रु.५,००,०००/- | रु.५,००,०००/- |
| ४. वन तथा वगर क्षेत्र | | रु ५०,०००। | रु ५०,०००। |

गौरीगङ्गा राजपत्र

## वडा नं. ४ ( साविक चौमाला गा.वि.स. वडा नं. १ र ७)

| मुख्य क्षेत्र | स्थान | आर्थिक वर्ष २०८१/८२ को स्वीकृत मुल्य (प्रति कठ्ठा) | आर्थिक वर्ष २०८२/८३ को स्वीकृत मुल्य (प्रति कठ्ठा) |
|---|---|---|---|
| १. व्यापारिक क्षेत्र | राजिपुर बजार महेन्द्रराजमार्ग क्षेत्र | रु.३५,००,०००। | रु.३५,००,०००/ |
| | महेन्द्रराजमार्ग बजार क्षेत्र वाहेकको जग्गा | रु.२४,००,०००/ | रु.२४,००,०००/ |
| | महेन्द्रराजमार्ग भन्दा भित्र दायाँ वायाँ पक्की सडक (५०० मिटर सम्म) | रु.१५,००,०००/ | रु.२०,००,०००/ |
| | महेन्द्रराजमार्ग भन्दा भित्र दायाँ वायाँ ग्राभेल सडक (५०० मिटर सम्म) | रु.१२,००,०००/ | रु.१५,००,०००/ |
| २. आवासिय क्षेत्र | महेन्द्रराजमार्ग भन्दा ५०० मिटर भित्र बाहेकका दायाँ वायाँ पक्की सडक भएका क्षेत्र | रु.१२,००,०००/ | रु.१२,००,०००/ |
| | महेन्द्रराजमार्ग भन्दा ५०० मिटर भित्र बाहेकका दायाँ वायाँ ग्राभेल सडक भएका क्षेत्र | | रु.१०,००,०००/ |
| | कालिका मा.वि. देखी खुरखुरिया सम्म पक्की सडक | रु.१०,००,०००/ | रु.१०,००,०००/ |
| | खुरखुरिया देखी कुट्टीकटान सम्म पक्की सडक | रु.१०,००,०००/ | रु.१०,००,०००/ |
| | लंगडी टोल देखी सुपारी आम हुदै शान्ती टोल ग्राभेल सडक | | रु.८,००,०००/ |
| | भित्रि शाखा पक्की सडक | | रु.१०,००,०००/ |
| | भित्रि शाखा ग्राभेल सडक | | रु.८,००,०००/ |
| | भित्रि शाखा कच्ची सडक | | रु.५,००,०००/ |
| | राजिपुर महेन्द्रराजमार्ग देखी उतर ५०० मि. भन्दा माथि उतरतर्फको पक्की सडक | रु.१०,००,०००/ | रु.१०,००,०००/ |
| ३. कृषी क्षेत्र | सडकले नछोएको कृषी योग्य जमिन | रु.३,००,०००/ | रु.३,००,०००/ |
| | सडकले छोएको कृषी योग्य जमिन | रु.५,००,०००/ | रु.५,००,०००/ |
| ४. वन तथा वगर क्षेत्र | | रु ५०,०००। | रु ५०,०००। |

गौरीगंगा राजपत्र

**वडा नं. ५ (साविक मसुरिया गा.वि.स. वडा नं. १)**

| मुख्य क्षेत्र | स्थान | आर्थिक वर्ष २०८१/८२ को स्वीकृत मुल्य (प्रति कठ्ठा) | आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत मुल्य (प्रति कठ्ठा) |
|---|---|---|---|
| | वालुवाटर वजारदेखी सिसौरा टोल हुदै मोहन्याल स्कुल सम्मको पक्की मुल सडक | रु.१०,००,०००/ | रु.१०,००,०००/ |
| | पुर्वी जिराईत देखि मोहन्याल स्कुल सम्म मुल पक्की रिङ्गरोड सडक | रु.५,००,०००/ | रु.१०,००,०००/ |
| | मिलन चोक देखी वरपिपल पक्की रिङ्गरोड सडक | | रु.६,००,०००/ |
| | पुर्वि जिराईत देखी वालुवाटार ग्राभेल सडक | | रु.५,००,०००/ |
| | कृष्ण बरालको घर देखी मगर टोल रिङ्गरोड क्षेत्र | | रु.६,००,०००/ |
| | डम्मर नाथको घर देखी पुर्व जाने ग्राभेल सडक | | रु.५,००,०००/ |
| | मोहन्याल मा.वि. को शाखा वाटोमा | रु.४,००,०००/ | रु.५,००,०००/ |
| | शाखा पक्की सडक | | रु.५,००,०००/ |
| | शाखा ग्राभेल सडक | | रु.३,००,०००/ |
| ३. कृषी क्षेत्र | सडकले नछोएको कृषी योग्य जमिन | रु.२५००००/- | रु.२५००००/- |
| | सडकले छोएको कृषी योग्य जमिन | रु.३०००००/- | रु.३०००००/- |
| ४. वन तथा वगर क्षेत्र | | रु ५०,०००। | रु ५०,०००। |

**वडा नं. ६ ( साविक चौमाला गा.वि.स. वडा नं. ८ )**

| मुख्य क्षेत्र | स्थान | आर्थिक वर्ष २०८१/८२ को स्वीकृत मुल्य (प्रति कठ्ठा) | आर्थिक वर्ष २०८२/८३ को स्वीकृत (प्रति कठ्ठा) |
|---|---|---|---|
| १. व्यापारिक क्षेत्र | महेन्द्रराजमार्ग संगै जोडिएका क्षेत्र | रु.२४,००,०००/ | रु.२४,००,०००/ |
| | महेन्द्रराजमार्ग भन्दा भित्र दायाँ वायाँ पक्की सडक (५०० मि.सम्म) | रु.१५,००,०००/ | रु.१८,००,०००/ |
| | महेन्द्रराजमार्ग भन्दा भित्र दायाँ वायाँ ग्राभेल सडक (५०० मि.सम्म) | रु.१२,००,०००/ | रु.१५,००,०००/ |
| २. आवासिय क्षेत्र | महेन्द्रराजमार्ग भन्दा ५०० मिटर भित्र बाहेकका दायाँ वायाँ पक्की सडक भएका क्षेत्र | रु.१०,००,०००/ | रु.१२,००,०००/ |
| | महेन्द्रराजमार्ग भन्दा ५०० मिटर भित्र बाहेकका दायाँ वायाँ मुख्य ग्राभेल सडक भएका क्षेत्र | | रु.१०,००,०००/ |

गौरीगंगा राजपत्र

| | | | |
|---|---|---|---|
| | वनवेहडा कठौती क्षेत्र पक्की सडक | रु.१०,००,०००/ | रु.१०,००,०००/ |
| | कठौतीया धुर्चन्ना जाने पक्की सडक | | रु.१०,००,०००/ |
| | विजयनगर रानिफाटा पक्की सडक | | रु.१०,००,०००/ |
| | मोया, चरीडाडा पक्की सडक | | रु.१०,००,०००/ |
| | शाखा पक्की सडक भएका क्षेत्र | | रु.१०,००,०००/ |
| | भित्री शाखा ग्राभेल सडक संग जोडीएका क्षेत्र | | रु.८,००,०००/ |
| | भित्री शाखा कच्ची सडक संग जोडीएका क्षेत्र | | रु.५,००,०००/ |
| ३. कृषी क्षेत्र | सडकले नछोएको कृषी योग्य जमिन | रु.३,००,०००/ | रु.३,००,०००/ |
| | सडकले छोएको कृषी योग्य जमिन | रु.४,००,०००/ | रु.४,००,०००/ |
| ४. वन तथा वगर क्षेत्र | | रु ५०,०००। | रु ५०,०००। |

**वडा नं. ७ ( साविक मसुरिया गा.वि.स. वडा नं. २,३ र ६ )**

| मुख्य क्षेत्र | स्थान | आर्थिक वर्ष २०८१/८२ को स्वीकृत मुल्य (प्रति कठ्ठा) | आर्थिक वर्ष २०८२/८३ को स्वीकृत मुल्य (प्रति कठ्ठा) |
|---|---|---|---|
| १. व्यापारिक क्षेत्र | महेन्द्रराजमार्ग संग जोडिएका मसुरिया वजार क्षेत्र | रु.४०,००,०००/ | रु.४०,००,०००/ |
| | महेन्द्रराजमार्गको संग जोडिएका मसुरिया वजार वाहेक क्षेत्र | रु.२४,००,०००/ | रु.२४,००,०००/ |
| | महेन्द्रराजमार्ग भन्दा भित्र दायाँ वायाँ पक्की सडक | रु.१५,००,०००/ | रु.१५,००,०००/ |
| | महेन्द्रराजमार्ग भन्दा भित्र दायाँ वायाँ ५०० मिटर भित्र पक्की सडक | रु.१२,००,०००/ | रु.१२,००,०००/ |
| २. आवासिय क्षेत्र | महादेवा चोकदेखी खानेपानी टंकीसम्म तालवन्द सडक | रु.१५,००,०००/ | रु.१५,००,०००/ |
| | खानेपानी टयांकी देखी वडा कार्यालय हुदै टोप बहादुर जोगीको घर सम्मको पक्की सडक | | रु.१२,००,०००/ |
| | टोप बहादुर जोगीको घर देखी दक्षिण वडा नं.८ को सिमाना सम्मको ग्राभेल सडक | | रु.१०,००,०००/ |
| | भित्री शाखा पक्की सडक संग जोडीएका क्षेत्र | | रु.८,००,०००/ |
| | मुख्य ग्राभेल सडक भएका क्षेत्र | | रु.१०,००,०००/ |
| | भित्री शाखा ग्राभेल सडक भएका क्षेत्र | | रु.८,००,०००/ |
| | कच्ची सडक संग जोडिएका क्षेत्र | | रु.५,००,०००/ |
| ३. कृषी क्षेत्र | सिम जग्गा एक खेती हुने | रु.२,००,०००/ | रु.२,००,०००/ |
| | कृषी क्षेत्र भित्री भाग | रु.२,५०,०००/ | रु.२,५०,०००/ |
| | सडकले छोएको कृषी योग्य जमिन | | रु.३,००,०००/ |

| | | | |
|---|---|---|---|
| | सडकले नछोएको कृषी योग्य जमिन | | रु.२,५०,०००/ |
| ४. वगर क्षेत्र | | रु ५०,०००। | रु.५०,०००/ |

**वडा नं. ८ ( साविक मसुरिया गा.वि.स. वडा नं. ४ र ५ )**

| मुख्य क्षेत्र | स्थान | आर्थिक वर्ष २०८१/८२ को स्वीकृत मुल्य (प्रति कठ्ठा) | आर्थिक वर्ष २०८२/८३ को स्वीकृत मुल्य (प्रति कठ्ठा) |
|---|---|---|---|
| १. व्यापारिक क्षेत्र | महेन्द्रराजमार्गको संग जोडिएका वढैपुर मसुरिया वजार क्षेत्र | रु.४०,००,०००/ | रु.४०,००,०००/ |
| | महेन्द्रराजमार्गको संग जोडिएका बजार वाहेकको क्षेत्र | रु.२४,००,०००/ | रु.२४,००,०००/ |
| | शिव बजार देखी बिर्सना शिविर जाने पक्की सडक | | रु.३०,००,०००/ |
| | शिव बजार देखी बढैपुर शिविर जाने ग्राभेल सडक | | रु.२५,००,०००/ |
| | बढैपुर बजार देखी चमारीपुर हुदै आधीखोला सम्मको पक्की सडक | | रु.२०,००,०००/ |
| | बढैपुर बजार देखी चमारीपुर हुदै आधीखोला सम्मको ग्राभेल सडक | | रु.२०,००,०००/ |
| | म्याक्स चोक देखी जनप्रिय मा.वि हुदै गुलनिया बसन्त टोल सम्मको पक्की सडक | | रु.२०,००,०००/ |
| | म्याक्स चोक देखी जनप्रिय मा.वि हुदै गुलनिया बसन्त टोल सम्मको ग्राभेल सडक | | रु.२०,००,०००/ |
| | सुपरजोन जाने ग्राभेल सडक | | रु.१५,००,०००/ |
| | प्रभु सोप ईन्डस्ट्रिज हुदै जाने ग्राभेल सडक | | रु.१५,००,०००/ |
| | पेट्रोल पम्प देखी महादेवा जाने ग्राभेल सडक | | रु.१५,००,०००/ |
| | मसुरिया बजार देखी स्वास्थय चौकी सम्मको पक्की सडक | | रु.१५,००,०००/ |
| | मसुरिया स्वास्थ्य चौकी हुदै पिपलडाँडा, चमारीपुर, गिधनिया जोड्ने ग्राभेल सडक | | रु.१५,००,०००/ |
| | लिक्मा चोक देखी लक्ष्मणिया कटान सम्म जाने ग्राभेल सडक | | रु.१५,००,०००/ |
| | ऐन बहादुर कलेलको घर देखी खल्ला टोल ग्राभेल सडक | | रु.१०,००,०००/ |
| | गुलनिया देखी मलेशिया टोल जाने ग्राभेल सडक | | रु.१०,००,०००/ |
| | लिक्मा चोक देखी ७ नं. वडाको सिमाना सम्मको ग्राभेल वाटो | | रु.१५,००,०००/ |

| | | | |
|---|---|---|---|
| | महेन्द्रराजमार्ग देखी ईटा भट्टा हुदै पिपलडाँडा सम्मको ग्राभेल सडक | | रु.१५,००,०००/ |
| ३. कृषि क्षेत्र | सडकले नछोएको कृषी योग्य जमिन सवै | रु.३,००,०००/ | रु.३,००,०००/ |
| | सडकले छोएको कृषी योग्य जमिन सवै | रु.४,००,०००/ | रु.४,००,०००/ |
| ४. वन तथा वगर क्षेत्र | | रु ५०,०००। | रु ५०,०००। |

**वडा नं. ९ (साविक मसुरिया गा.वि.स. वडा नं. ७ र ९)**

| मुख्य क्षेत्र | स्थान | आर्थिक वर्ष २०८१/८२ को स्वीकृत मुल्य (प्रति कठ्ठा) | आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत मुल्य (प्रति कठ्ठा) |
|---|---|---|---|
| १. व्यापारिक क्षेत्र | महेन्द्रराजमार्ग संग जोडिएका मसुरिया बजार र शंकरपुर चोक वजार क्षेत्र | रु.४०,००,०००/ | रु.४०,००,०००/ |
| | महेन्द्रराजमार्ग संग जोडिएका बजार वाहेकको क्षेत्र | रु.२४,००,०००/ | रु.२४,००,०००/ |
| | महेन्द्रराजमार्ग भन्दा भित्र दायाँ वायाँ ३०० मिटर भित्र पक्की सडक | रु.१२,००,०००/ | रु.१५,००,०००/ |
| | मसुरिया स्वास्थ्य चौकी देखी वडा नं ११ को सिमाना सम्मको जोड्ने पक्की सडक (ऐठा रोड) | | रु.१२,००,०००/ |
| | महेन्द्र राजमार्ग वाट उत्तर शंकरपुर,भगवानपुर हुदै रजिया बनखेत जोड्ने मुख्य पक्की सडक | | रु.७,००,०००/ |
| | शान्तिपुर देखी मसुरिया गाउ जोड्ने पक्की रोड | | रु.७,००,०००/ |
| | शान्तिपुर देखी मसुरिया गाउ जोड्ने ग्राभेल रोड | | रु.५,००,०००/ |
| | बनखेत रिङरोड भएको ग्राभेल सडक | | रु.४,००,०००/ |
| | शहरी स्वास्थ्य केन्द्र बनखेत देखी वडा नं. ७ को सिमाना सम्मको ग्राभेल सडक | | रु.४,००,०००/ |
| | महेन्द्र राजमार्ग देखी महादेवा मा.वि सम्मको पक्की सडक | | रु.१०,००,०००/ |
| | महेन्द्र राजमार्ग देखी महादेवा मा.वि सम्मको ग्राभेल सडक | | रु.८,००,०००/ |
| | महेन्द्र राजमार्ग देखी दक्षिण राजि कटान टोल जोड्ने पक्की सडक | | रु.५,००,०००/ |
| | शंकरपुर टोल देखी शंकरपुर प्रा.वि सम्मको ग्राभेल सडक | | रु.४,००,०००/ |

| | | | |
|---|---|---|---|
| | देउराली महिला सहकारी दी एकान्त बस्ती टोल जोड्ने ग्राभेल सडक | | रु.१०,००,०००/ |
| | महेन्द्र राजमार्ग देखी कटैनी खोला हुदै रजिया जाने ग्राभेल सडक | | रु.६,००,०००/ |
| | महेन्द्र राजमार्ग देखी दक्षिण एकान्त बस्ती टोल जोड्ने ग्राभेल सडक | | रु.७,००,०००/ |
| ३.कृषि क्षेत्र | सडकले नछोएको कृषी योग्य जमिन सवै | रु.३,००,०००/ | रु.३,००,०००/ |
| | सडकले छोएको कृषी योग्य जमिन सवै | रु.४,००,०००/ | रु.४,००,०००/ |
| ४. वन तथा वगर क्षेत्र | | रु ५०,०००। | रु ५०,०००। |

**वडा नं. १० (साविक उदासीपुर गा.वि.स. वडा नं. १ र २)**

| मुख्य क्षेत्र | स्थान | आर्थिक वर्ष २०८१/८२ को स्वीकृत मुल्य (प्रति कठ्ठा) | आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत मुल्य (प्रति कठ्ठा) |
|---|---|---|---|
| १. व्यापारिक क्षेत्र | वढैपुर हसुलिया पक्की सडक संग जोडिएका क्षेत्र | रु.१२,००,०००/ | रु.१२,००,०००/ |
| २. आवासिय क्षेत्र | शान्तिटोल देखी काठमाण्डौ टोल,भैसासुर,नक्लीपुर, भगतपुर, सुन्दरपुर, वर्गानटोल,पलेहान टोल (पक्की सडक संग जोडिएका क्षेत्र) | रु.६,००,०००/ | रु.८,००,०००/ |
| | शान्तिटोल देखी काठमाण्डौ टोल,भैसासुर,नक्लीपुर, भगतपुर, सुन्दरपुर, वर्गानटोल,पलेहान टोल (ग्राभेल सडक संग जोडिएका क्षेत्र) | रु.६,००,०००/ | रु.६,००,०००/ |
| | शान्तिटोल देखी काठमाण्डौ टोल,भैसासुर,नक्लीपुर, भगतपुर, सुन्दरपुर, वर्गानटोल,पलेहान टोल (कच्ची सडक संग जोडिएका क्षेत्र) | | रु.४,००,०००/ |
| ३.कृषि क्षेत्र | सडकले छोएको कृषी योग्य जमिन सवै | | रु.३,००,०००/ |
| | सडकले नछोएको कृषी योग्य जमिन सवै | | रु.२,५०,०००/ |
| ४. वन तथा वगर क्षेत्र | | रु.५०,०००/ | रु.५०,०००/ |

गौरीगंगा राजपत्र

**वडा नं. ११ (साविक मसुरिया गा.वि.स. ८ र उदासीपुर गा.वि.स. वडा नं. ५)**

| मुख्य क्षेत्र | स्थान | आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत मुल्य (प्रति कठ्ठा) | आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत मुल्य (प्रति कठ्ठा) |
|---|---|---|---|
| २. आवासिय क्षेत्र | वडा नं ९ को सिमाना देखी ऐठा चोक सम्मको मुख्य पक्की सडक | रु.१२,००,०००/ | रु.१२,००,०००/ |
| | चमरैया,झंझटपुर,डमारीपुर,कान्तिपुर,सितापुर र जरै पक्की सडक | | रु.६,००,०००/ |
| | चमरैया,झंझटपुर,डमारीपुर,कान्तिपुर,सितापुर र जरै ग्राभेल सडक | रु.४,००,०००/ | रु.५,००,०००/ |
| | चमरैया,झंझटपुर,डमारीपुर,कान्तिपुर,सितापुर र जरै कच्ची सडक | | रु.४,००,०००/ |
| | ऐठा, शिवपुर, पेरहनी मुख्य पक्की सडक | रु.६,००,०००/ | रु.८,००,०००/ |
| | भित्रि शाखा पक्की सडक भएका क्षेत्र | | रु.६,००,०००/ |
| | भित्रि शाखा ग्राभेल सडक भएका क्षेत्र | | रु.५,००,०००/ |
| | भित्रि शाखा कच्ची सडक भएका क्षेत्र | | रु.४,००,०००/ |
| ३.कृषि क्षेत्र | सडकले छोएको कृषी योग्य जमिन सवै | रु.२,००,०००/ | रु.३,००,०००/ |
| | सडकले नछोएको कृषी योग्य जमिन सवै | | रु.२,५०,०००/ |
| ४. वन तथा वगर क्षेत्र | | रु ५०,०००। | रु ५०,०००। |

**नोट: सडक देखी भित्र ९० फिट सम्मको जमिनलाई मात्र आवासिय क्षेत्र मानिने छ र बाँकी जमिनलाई कृषि योग्य जमिनको रुपमा गणना गरिने छ ।**

गौरीगंगा राजपत्र

**सम्पत्ति करको दररेट**

| सि.नं. | करयोग्य सम्पत्तिको मूल्य (जग्गा मूल्याङ्कनको आधारमा ) | वार्षिक स्वीकृत दर २०८१/८२ | स्वीकृत दर २०८२/८३ |
|---|---|---|---|
| १. | रु.१ देखि ५ लाख सम्म | एकमुष्ठ रु. ५०।- | एकमुष्ठ रु. ५०।- |
| २. | रु.५ लाख १ देखी ५० लाख सम्म | प्रती लाख रु. १०।- | प्रती लाख रु. १०।- |
| ३. | रु.५० लाख १ देखि १ करोड सम्म | प्रती लाख रु. १५।- | प्रती लाख रु. १५।- |
| ४. | रु.१ करोड १ देखी २ करोड सम्म | प्रती लाख रु. २०।- | प्रती लाख रु. २०।- |
| ५. | रु.२ करोड १ देखी ३ करोड सम्म | प्रती लाख रु. २५।- | प्रती लाख रु. २५।- |
| ६. | रु.३ करोड १ देखी ५ करोड सम्म | प्रती लाख रु. ३०।- | प्रती लाख रु. ३०।- |
| ७. | रु.५ करोड १ भन्दा माथि | प्रती लाख रु. ३५।- | प्रती लाख रु. ३५।- |

**स्वीकृत घरको मुल्यांकन दर**

| क्र.स. | घरको प्रकार | दर (प्रति बर्ग फिट) |
|---|---|---|
| १ | आर.सी.सी. फ्रेम स्टक्चर | १५००।० |
| २ | स्टिल स्टकट्रचर | १५००।० |
| ३ | सिमेन्टको गाह्रोमा ईट्टा-ढुङगाको जोडाई, आर.सी.सी छाना | १४००।० |
| ४ | माटोको गाह्रोमा ईट्टा-ढुङगाको जोडाई, आर.सी.सी छाना | १०००।० |
| ५ | सिमेन्टको गाह्रोमा ईट्टा-ढुङगाको जोडाई, जस्ताको छाना | ९००।० |
| ६ | माटोको गाह्रोमा ईट्टा-ढुङगाको जोडाई, टायलको छाना | ८००।० |
| ७ | सामान्य ट्रस्ट, जस्ताको घर | ५००।० |
| ८ | काठको कच्ची घर | ३००।० |

**भवनको ह्रास कट्टी दर (%)**

| क्र.स | घरको प्रकार | वार्षिक ह्रास (प्रतिशत) | ह्रास कट्टी गर्ने जम्मा बर्ष |
|---|---|---|---|
| १ | आर.सी.सी. फ्रेम स्टक्चर | १ | १०० |
| ३ | स्टिल स्टकट्रचर | १ | ५० |
| ३ | सिमेन्टको गाह्रोमा ईट्टा-ढुङगाको जोडाई, आर.सी.सी छाना | १.२५ | ३५ |
| ४ | माटोको गाह्रोमा ईट्टा-ढुङगाको जोडाई, आर.सी.सी छाना | १.५ | ३५ |
| ५ | सिमेन्टको गाह्रोमा ईट्टा-ढुङगाको जोडाई, जस्ताको छाना | १.५ | २५ |
| ६ | माटोको गाह्रोमा ईट्टा-ढुङगाको जोडाई, टायलको छाना | २ | २५ |
| ७ | सामान्य ट्रस्ट, जस्ताको घर | १.५ | २५ |
| ८ | काठको कच्ची घर | २.५ | २० |

**अनुसूचि :- २**
(दफा ३ सँग सम्बन्धित)
**भूमिकर (मालपोत)**

| सि.नं. | करयोग्य भूमीको मूल्य (जग्गा मूल्याङ्कनको आधारमा) | आ.व.२०८१/८२ का लागी स्वीकृत दर | स्वीकृत दर २०८२/८३ |
|---|---|---|---|
| १. | रु.१ देखि ५ लाख सम्म | एकमुष्ठ रु.२५/- | एकमुष्ठ रु.२५/- |
| २. | रु.५ लाख १ देखि ५० लाख सम्म | प्रति लाख रु.५/- | प्रति लाख रु.५/- |
| ३. | रु.५० लाख १ देखि १ करोड सम्म | प्रति लाख रु.७.५/- | प्रति लाख रु.८/- |
| ४. | रु.१ करोड १ देखि २ करोड सम्म | प्रति लाख रु.१०/- | प्रति लाख रु.१०/- |
| ५. | रु.२ करोड १ देखि ३ करोड सम्म | प्रति लाख रु १२.५/- | प्रति लाख रु.१३/- |
| ६. | रु.३ करोड १ देखि ५ करोड सम्म | प्रति लाख रु १५/- | प्रति लाख रु.१५ |
| ७. | पाँच करोड भन्दा माथी | प्रति लाख रु १७.५/- | प्रति लाख रु.१८/- |

❖ **सम्पत्ति कर तथा भूमिकर (मालपोत) बक्यौतामा जरिवाना :**

१. प्रत्येक आर्थिक बर्षको असोज मसान्त सम्म १०% छुट हुने छ र असोज मसान्त पछि सोही आ.ब.भित्र को अषाढ मसान्त सम्म कर बुझाएमा कुनै छुट वा जरिवाना लगाईने छैन ।
२. प्रत्येक आर्थिक बर्षको असाढ मसान्त सम्म कर नबुझाएमा प्रत्येक आ.ब.मा लाग्ने करमा १०% का दरले जरिवाना बृद्धि हुने छ ।
३. बक्यौता रकम बुझाउन आएमा बक्यौता रकम बुझाउन आएको आ.व.को आर्थिक ऐनमा उल्लेखित रकम लाई आधार मानी बक्यौता रकम र जरिवाना लिईने छ ।

**अनुसूचि : ३**
(दफा ४ सँग सम्बन्धित)
**घरजग्गा बहाल कर**

गौरीगंगा नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने बहाल करको दर **आफ्नो क्षेत्रभित्रको घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक रुपमा बहालमा दिएकोमा** सम्बन्धित घरधनिबाट **बहाल रकमको १० प्रतिशत बहाल कर** लाग्नेछ ।

गौरीगंगा नगरपालिका क्षेत्रभित्र **आवासिय प्रयोजनका लागि घरबहालको अधिकतम दर प्रतिकोठा रु.४,०००/-** र **व्यवसायिक प्रयोजनका लागि घरबहालको अधिकतम दर रु.७,०००/-** हुनेछ ।

गौरीगंगा राजपत्र

**अनुसूचिः ४**

(दफा ५ सँग सम्बन्धित)

**व्यवसाय कर**

| सि.नं. | व्यवसायको प्रकार | आ.व. २०८१/८२ को व्यवसाय रजिष्ट्रेशन शुल्क (रु.) | आ.व. २०८२/८३ को स्वीकृत व्यवसाय रजिष्ट्रेशन शुल्क (रु.) | २०८१/८२ को व्यवसाय करको दर (रु.) | आ.व. २०८२/८३ को स्वीकृत व्यवसाय करको दर (रु.) |
|---|---|---|---|---|---|
| **१.** | **टहरा र फडमा व्यवसाय गर्नेव्यवसायी (वार्षिक)** | **दर्ता शुल्क २०८१/८२** | **दर्ता शुल्क २०८२/८३** | **वार्षिक व्यवसाय कर २०८१/८२** | **वार्षिक व्यवसाय कर २०८२/८३** |
| १.१ | चिया नास्ता होटल | ६०० | ८०० | ५०० | ५०० |
| १.२ | किराना पसल | ८०० | १५०० | ७०० | १००० |
| १.३ | खाना खाने होटल | ८०० | १२०० | ७०० | १००० |
| १.४ | मिठाई पसल | ८०० | १००० | ७०० | ८०० |
| १.५ | रेडिमेड कपडा पसल | १५०० | १५०० | १००० | १२०० |
| | नोट :खुल्ला स्थानमा व्यापार गर्ने र नगरपालिका क्षेत्रभित्र टहरा,फडमा व्यापारव्यवसाय संचालन गर्दा वातावरण प्रदुषण हुने एवं यातायातको आवत जावतमा असर पर्ने देखिएमा नगरपालिकाले उक्त स्थानमा व्यापार व्यवसाय गर्न प्रतिबन्ध लगाउन सक्नेछ। | | | | |
| **२** | **होटलहरु (बिर्को खोली मदिरा बिक्री गर्नेसमेत) मा लाग्ने व्यवसाय कर (वार्षिक)** | **दर्ता शुल्क २०८१/८२** | **दर्ता शुल्क २०८२/८३** | **वार्षिक व्यवसाय कर २०८१/८२** | **वार्षिक व्यवसाय कर २०८२/८३** |
| २.१ | क्यासिनो | | १००००० | ० | ५०००० |
| २.२ | मिनि क्यासिनो | | ७५००० | | ४०००० |
| २.३ | होटल ५ स्टार वा सो सरह | | ५०००० | | ३५००० |
| २.४ | होटल ४ स्टार वा सो सरह | | ४०००० | | ३०००० |
| २.५ | होटल ३ स्टार वा सो सरह | | ३०००० | | २०००० |
| २.६ | होटल २ स्टार वा सो सरह | | २०००० | | १५००० |
| २.७ | होटल १ स्टार वा सो सरह | | १५००० | | १०००० |
| २.८ | गेष्टहाउस/होटल/लज १० भन्दा माथी सविधा सम्पन्न | | १०००० | | ५००० |

गौरीगङ्गा

| | | | | | |
|---|---|---|---|---|---|
| २.९ | गेष्टहाउस/होटल/लज १ देखी १० सम्म साधारण | | ५००० | | ३००० |
| २.१० | डान्स वार | | १०००० | | ५००० |
| २.११ | क्लव प्राली | | १५००० | | ८००० |
| २.१२ | दोहोरी साँझ तथा रेस्टुरेण्ट एण्ड वार | १५००० | १५००० | ७५०० | ७५०० |
| २.१३ | रिसोर्ट एण्ड फर्न पार्क | | ५००० | | ३००० |
| २.१४ | हुक्का वार | | ५००० | | ३००० |
| २.१५ | भोजनालय चमेना गृह मिठाई पसल | | २५०० | | १५०० |
| २.१६ | खाना/ नास्ता पसल मदिरा सहित | | ५००० | | ३००० |
| २.१७ | खाना /नास्ता पसल मदिरा रहित | | ३५०० | | १५०० |
| २.१९ | मिठाई मात्र विक्रि गर्ने पसल | २००० | २००० | १००० | १००० |
| २.२० | होमस्टे | | ३००० | | १५०० |
| २.२१ | चिया,चाउमिन जस्ता शाकाहारी नास्ता तथा दुध डेरी सहितको मिठाई पसल | १५०० | २५०० | ७५० | १५०० |
| २.२२ | ग्रामीण क्षेत्रका चिया,चाउमिन जस्ता शाकाहारी नास्ता र मिठाइ पसल | १२०० | १२०० | ६०० | ८०० |
| २.२३ | चिया र सामान्य नास्ता पसल | ८०० | १००० | ४०० | ८०० |
| २.२४ | चिया र सामान्य नास्ता पसल (ग्रामीण) | ५०० | ८०० | २५० | ४०० |
| **३** | **व्यापारिक वस्तु (वार्षिक)** | **दर्ता शुल्क २०८१/८२** | **दर्ता शुल्क २०८२/८३** | **वार्षिक व्यवसाय कर २०८१/८२** | **वार्षिक व्यवसाय कर २०८२/८३** |
| ३.१ | पेट्रोल, डिजेल, मट्टितेल, लुब्रिकेण्ट बिक्रि पसल | ४००० | ५००० | ३००० | ४००० |
| ३.२ | मट्टितेलमा मात्रको बिक्रि पसल | २००० | २००० | १००० | १००० |
| ३.३ | चुरोट,बिंडीजन्य धुम्रपान एजेन्सी | ५००० | ५५०० | २५०० | ३००० |

गौरीगंगा राजपत्र

| | | | | | |
|---|---|---|---|---|---|
| ३.४ | साबुन एजेन्सी | २००० | २५०० | १००० | १५०० |
| ३.५ | बिस्कुट एजेन्सी | २००० | २००० | १००० | १००० |
| ३.६ | टायर एजेन्सी | २५०० | ३००० | १२५० | १५०० |
| ३.७ | प्लास्टिकका भाँडा आदिको एजेन्सी | २००० | २००० | १००० | १००० |
| ३.८ | चाउचाउ एजेन्सी | ३००० | ३००० | १५०० | १५०० |
| ३.९ | एजेन्सी मार्फत प्रति एजेन्सी | १००० | १५०० | ५०० | १००० |
| ३.१० | स्वदेशी बिदेशी कपडा तथा अन्य सामानको थोकपसल | ३००० | ५००० | १५०० | ३००० |
| ३.११ | इलेक्ट्रोनिक पसल | २००० | ३००० | १००० | २००० |
| ३.१२ | स्वदेशी तथा विदेशी कपडा, रेडिमेट कपडा, जुत्ता चप्पल थोक तथा खुद्रा विक्रेता | २००० | ३००० | १००० | १५०० |
| ३.१३ | श्रृङ्गार को सामानको पसल (कस्मेटिक) | १५०० | २००० | ७५० | १००० |
| ३.१४ | पाठ्यपुस्तक, स्टेशनरी तथा खेलकुद सामाग्री (थोक तथा खुद्रा विक्रेता) | २००० | ४००० | १००० | २५०० |
| ३.१५ | साइकल बिक्री पसल | २००० | २५०० | १००० | १५०० |
| ३.१६ | मोटर साइकल को एजेन्सी तथा सर्भिस सेन्टर समेत | ८००० | १०००० | ४००० | ५००० |
| ३.१७ | मोटर साइकल एक्सचेन्ज गर्ने व्यवसाय | ३५०० | ४००० | १७५० | २५०० |
| ३.१८ | श्रृंगार, खेलौना, गिफ्ट साथै अन्य सामानको खुद्रा विक्रेता | | २५०० | | १५०० |
| | खेलौना, उपहार, गिफ्ट, फोटो फ्रेम आदीको विक्रि गर्ने | | २००० | | १००० |
| ३.१९ | मोबाइल ग्यालरी , मोवाईल विक्रि तथा मर्मत पसल | २००० | ३००० | १००० | २००० |
| ३.२० | मोटरसाइक लपार्ट स्बिक्रीपसल | १५०० | १५०० | ७५० | ७५० |
| ३.२१ | बस,ट्रक,जिप,ट्याक्टर बिक्री पसल तथा सर्भिस सेन्टर समेत | ८००० | ८००० | ४००० | ४००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३.२२ | बस,ट्रक,जिप,ट्याक्टर पार्टस्को बिक्री पसल | ५००० | ५००० | २५०० | २५०० |
| ३.२३ | नाप तौलको ढक तराजुको बिक्री पसल | १००० | २००० | ५०० | १५०० |
| ३.२४ | प्लास्टिकका भाँडावर्तन,कुर्ची , डोरी, टेवल आदी बिक्री गर्ने | १००० | १५०० | ५०० | १००० |
| ३.२५ | कृषि कार्यका लागि सानो पावर ट्रेलर एजेन्सी | २५०० | २५०० | १२५० | १२५० |
| ३.२६ | इलेक्ट्रिक रिक्सा एजेन्सी | २००० | २००० | १००० | १००० |
| ३.२७ | सुधार केन्द्र | | ५००० | | २५०० |
| ३.२८ | सेफ्टी टंकी सफा गर्ने | | ५००० | | २५०० |
| ३.२९ | हेयर कटिङ | | २५०० | | १५०० |
| ३.३० | ट्याटुको काम गर्ने | | २००० | | १००० |
| ३.२८ | प्रिन्टिङ प्रेस प्रा.ली | | ८००० | | ५००० |
| ३.२९ | अफसेट प्रेस | | ५००० | | ३५०० |
| ३.३० | फ्लेक्स बोर्ड/व्यानर वनाउने व्यवसाय | | ३००० | | १५०० |
| ३.३१ | साईनबोर्ड, पेन्टीङ गर्ने | | १५०० | | १००० |
| **४.** | **निर्माण सामाग्री, हार्डवेयर, सिसा फ्रेम, विद्युतसामान बिक्रि पसल (वार्षिक)** | **दर्ता शुल्क २०८१/८२** | **दर्ता शुल्क २०८२/८३** | **वार्षिक व्यवसाय कर २०८१/८२** | **वार्षिक व्यवसाय कर २०८२/८३** |
| ४.१ | हार्डवेयरका साथै तथा भिन्न मेसिनरी सामान विक्रि गर्ने | ३००० | ८००० | १५०० | ५००० |
| ४.२ | हार्डवेयर पसल (बजार क्षेत्र) | | ५००० | | ३००० |
| ४.३ | हार्डवेयर पसल (ग्रामिण क्षेत्र) | २५०० | ३००० | १२५० | १५०० |
| ४.५ | टायल,मार्वल,ग्रेनाईड विक्रेता | | ५००० | | ३००० |
| ४.६ | सिमेन्ट मात्रको कारोवार गर्ने | | ५००० | | ३००० |
| ४.७ | प्लाई तथा ग्लास हाउस | | ५००० | | ३००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ४.८ | सिसा कटिङ, डिजाईन ,पलिस आदिको पसल | | ३५०० | | २५०० |
| ४.९ | मिक्चर मेसिन सहित ढलानका लागि सटरिङका सामान भाडामा दिने | | ३५०० | | २५०० |
| ४.१० | मिक्चर मेसिन भाडामा दिने | | २००० | | १५०० |
| ४.११ | सटरिङको मात्र व्यापार गर्ने | | २००० | | १५०० |
| ४.१२ | सिसा तथा सिसाफ्रेम पसल | १५०० | १५०० | ७५० | १००० |
| ४.१३ | विद्युतीय सामाग्री र इलेक्ट्रिक सामानको पसल | २५०० | २५०० | १२५० | १५०० |
| ४.१४ | खानेपानी धारा सम्बन्धि सामान मात्रको पसल | १५०० | १५०० | ७५० | १००० |
| ४.१५ | पेन्ट मात्रको पसल | २५०० | २५०० | १२५० | १५०० |
| **५.** | **किराना/बेसादा/भाँडापसल (वार्षिक)** | **दर्ता शुल्क २०८१/८२** | **दर्ता शुल्क २०८२/८३** | **वार्षिक व्यवसाय कर २०८१/८२** | **वार्षिक व्यवसाय कर २०८२/८३** |
| ५.१ | सुपर मार्केट | | ५०००० | | २५००० |
| ५.२ | मार्ट/डिपार्टमेन्ट स्टोर | | २०००० | | १०००० |
| ५.३ | किराना पसल | १००० | २५०० | ५०० | १५०० |
| ५.४ | किराना पसल (ग्रामीण क्षेत्र) | ८०० | १००० | ४०० | ५०० |
| ५.५ | किरानाका सामान, फलफुल, तरकारी विक्रि गर्ने पसल | | ३००० | | २५०० |
| ५.६ | किरानाका सामान, खाना पकाउने ग्यास, लगायतका सामानहरु विक्रि गर्ने पसल | | ३००० | | २५०० |
| ५.७ | पानका साथै अन्य सामान हरु विक्रि गर्न | | १००० | | ५०० |
| | भाँडा, बर्तन, ग्यास चुलो आदि विक्रि गर्ने | | २५०० | | १५०० |
| **६.** | **खाद्यान्न खरिद बिक्रि पसल (वार्षिक)** | **दर्ता शुल्क २०८१/८२** | **दर्ता शुल्क २०८२/८३** | **वार्षिक व्यवसाय कर २०८१/८२** | **वार्षिक व्यवसाय कर २०८२/८३** |

गौरीगंगा राजपत्र

| | | | | | |
|---|---|---|---|---|---|
| ६.१ | बजार मा गद्दी राखी गोदाम गर्ने व्यवसाय | ४००० | ५००० | २००० | २५०० |
| ६.२ | फुटकर खाद्यान्न खरिद बिक्री व्यवसाय | २००० | २००० | १००० | १००० |
| ६.३ | ग्रामीण क्षेत्रमा गल्ला खरिद गोदाम राख्ने व्यवसाय | २००० | २००० | १००० | १००० |
| ६.४ | ग्रामीण क्षेत्रको काँटावाला व्यवसाय | १००० | १००० | ५०० | ५०० |
| ६.५ | खाद्यान्नको थोक व्यवसाय | ५००० | ५००० | २५०० | २५०० |
| **७.** | **अन्यव्यवसाय (वार्षिक)** | **दर्ता शुल्क २०८१/८२** | **दर्ता शुल्क २०८२/८३** | **वार्षिक व्यवसाय कर २०८१/८२** | **वार्षिक व्यवसाय कर २०८२/०८३** |
| ७.१ | ए.सी, वासिङ मेसिन, कम्प्युटर, फ्रिज, टी.भी का साथै अन्य ईलोक्ट्रोनिक्स उपकरणका सामान विक्रि गर्ने पसल | २५०० | ५००० | १२५० | ३००० |
| ७.२ | कम्प्यूटर, ल्यापटप बिक्री तथा मर्मत पसल | | ४००० | | २५०० |
| ७.३ | क्यासेट रेकर्ड तथा प्लेयर पसल | १२०० | १२०० | ६०० | ६०० |
| ७.४ | विजुलिका सामान तथा व्याट्री विक्रि गर्ने पसल | | ३००० | | २५०० |
| ७.८ | रेडियो,घडी विक्रि तथा मर्मत गर्ने | | २००० | | १५०० |
| ७.९ | मोवाईल डिलर | | ८००० | | ५००० |
| ७.१० | डिसलाइन को केबल व्यवसाय | ६००० | ६००० | ३००० | ३००० |
| ७.११ | काठ मात्रको फर्निचर व्यवसाय | १५०० | ३००० | ७५० | २००० |
| ७.१२ | काठ समेत अन्य प्रकारका सोफासेट,दराज र फर्निचर बिक्रि पसल | २००० | ५००० | ३००० | ३५०० |
| ७.१३ | छाला जुत्ता एवम् अन्य प्रकारका जुत्ता पसल | २००० | २५०० | १००० | १५०० |
| ७.१४ | मदिराका आधिकारीक विक्रेता (डिलर) | ७००० | १०००० | ७००० | ५००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ७.१५ | स्वदेशी तथा विदेशी मदिरा, हल्का पय पदार्थका थोक तथा खुद्रा विक्रेता | | ८००० | | ५००० |
| ७.१६ | मदिरा रिटेल कार्टुन खोली बिक्री गर्ने पसल | ३५०० | ५००० | ३५०० | ३५०० |
| ७.१७ | मदिरा वाहेकका हल्का पेय पदार्थका थोक तथा खुद्रा विक्रेता | ३००० | ५००० | १५०० | ३००० |
| ७.१८ | मिनिरल वाटर थोक तथा खुद्रा विक्रेता | १५०० | १५०० | ७५० | १००० |
| ७.१९ | तरकारी पसल | १००० | १५०० | ५०० | १००० |
| ७.२० | सिरक डसना बनाउने पसल | १००० | १५०० | ५०० | १००० |
| ७.२१ | भन्सार एजेन्ट | १५०० | १५०० | ७५० | १००० |
| ७.२२ | अर्डर सप्लायर्स | १५०० | १५०० | ७५० | ७५० |
| ७.२३ | खसि,बोका, कुखुरा, बंगुर संगुर, माछा लगायतको संयुक्त मासु पसल | १००० | ३५०० | ५०० | २५०० |
| ७.२४ | बंगुर सुँगुरको मासु पसल | १००० | १५०० | ५०० | १००० |
| ७.२५ | माछा पसल | १००० | १५०० | ५०० | १००० |
| ७.२६ | कुखुरा मात्रको मासु पसल | १००० | १५०० | ५०० | १००० |
| ७.२७ | खसि, बोका, लगायत मासु बिक्रि पसल (ग्रामीण) | ८०० | १००० | ४०० | ५०० |
| ७.२८ | बंगुर सुँगुर मासु पसल (ग्रामीण) | ८०० | १००० | ४०० | ५०० |
| ७.२९ | माछापसल (ग्रामीण) | ८०० | १००० | ४०० | ५०० |
| ७.३० | कुखुरा मात्रको मासु पसल (ग्रामीण) | ८०० | १००० | ४०० | ५०० |
| ७.३१ | राँगाको मासु पसल | १००० | २००० | ५०० | १५०० |
| ७.३२ | पान, बिंडी पसल | १००० | २००० | ५०० | १५०० |
| ७.३३ | फलफुल, तरकारी बिक्री पसल | १००० | २००० | ५०० | १५०० |
| ७.३४ | हजाम पसल तीन सीटभन्दा बढी भएको | १००० | १५०० | ५०० | १००० |
| ७.३५ | हजाम पसल सानो | ८०० | १००० | ४०० | ५०० |

गौरीगंगा राजपत्र

| | | | | | |
|---|---|---|---|---|---|
| ७.३६ | स्पा, मसाज पार्लर | | २००० | | १५०० |
| ७.३७ | व्युटीपार्लर,कस्मेटिक तथा ट्रेनिङ सेन्टर | | २५०० | | १५०० |
| ७.३८ | व्युटीपार्लर,कस्मेटिक तथा सिलाई कटाई | | २५०० | | १५०० |
| ७.३९ | व्युटी पार्लर मात्र | | १५०० | | १००० |
| ७.४० | बच्चाका कपडा विक्रि गर्ने पसल (बेबि सप) | | २००० | | १५०० |
| ७.४१ | सिलाई,कटाई,कटाई ( १ देखी ५ मेसिन सम्म) | | १५०० | | १००० |
| ७.४२ | सिलाई,कटाई,कटाई (६ मेसिन भन्दा माथि) | | ३००० | | २५०० |
| ७.४३ | कपडा पसल राखी सिलाई गर्ने सानो | | १००० | | ५०० |
| ७.४४ | कपडा पसल राखी सिलाई गर्ने ठुलो (सुट हाउस) | | ५००० | | ३००० |
| ७.४५ | सिलाई संगै बुटिकको कारोवार गर्ने | | ३००० | | २००० |
| ७.४६ | शीत भण्डार व्यवसाय | ५००० | ५००० | २५०० | २५०० |
| ७.४७ | स्कुटर, मोटरसाईकल सेल्स डिपो | | १०००० | | ५००० |
| ७.४८ | ई-रिक्सा, ई-स्कुटर, ई-मोटरसाईकल, ई-साईकल विक्रेता | | ५००० | | ३००० |
| ७.४९ | जिम सेन्टर | १००० | २००० | ५०० | १५०० |
| ७.५० | जुम्बा | | १५०० | | १००० |
| ७.५१ | फुटसल | | ५००० | | ३००० |
| ७.५२ | स्केटिङ | | ५००० | | ३००० |
| ७.५३ | पार्टी प्यालेस, बैन्क्वेट | | ५००० | | ३००० |
| ७.५४ | कपडा धुने पसल साधारण | ५०० | ५०० | २५० | २५० |
| ७.५५ | ड्राईक्लिनर्स मेसिन सहित भएको कपडा धुने पसल | १००० | १००० | ५०० | ५०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ७.५६ | सुनचाँदी गरगहना बनाउने तथा खरिद विक्रि गर्ने पसल | ३५०० | ५००० | २५०० | ३००० |
| ७.५७ | सुनचाँदी गहना मात्र बनाउने पसल | २००० | ३००० | १००० | १५०० |
| ७.५८ | सुनचाँदी गरगहना सम्बन्धीत विविध सामान औजार आदिको कारोवार गर्ने | | ३५०० | | २००० |
| ७.५९ | सुन चादी खार्ने तथा गलाउने | | २००० | | १५०० |
| ७.६० | कलरल्याब सहितको फोटो स्टुडियो | १५०० | १५०० | ७५० | ७५० |
| ७.६१ | सबै किसिमको श्रृङ्गार पसल | २००० | २००० | १००० | १००० |
| ७.६२ | चुरापोते को मात्र श्रृङ्गार पसल | १५०० | १५०० | ७५० | ७५० |
| ७.६३ | साइन बोर्ड बनाउने पेन्टिङ सेवा | १२०० | १२०० | ६०० | ६०० |
| ७.६४ | फोटोकपी पसल | १५०० | १५०० | ७५० | ७५० |
| ७.६५ | ग्रिसिङ्ग व्यवसाय | १००० | १००० | ५०० | ५०० |
| ७.६६ | घरजग्गा व्यवसाय | ३५०० | ५००० | १७५० | ३००० |
| ७.६७ | अनलाइन सेवा व्यवसाय | १५०० | १५०० | ७५० | ७५० |
| ७.६८ | गेम क्लब व्यवसाय | १००० | १००० | ५०० | ५०० |
| ७.६९ | गोलीया काठ खरिद बिक्री | ५००० | ५००० | २५०० | २५०० |
| ७.७० | इट्टा,ढुङ्गा,बालुवा,गिट्टी जम्मा गरी बिक्री गर्ने | ७००० | ७००० | ३५०० | ३५०० |
| ७.७१ | रिचार्ज कार्डको थोकपसल | २००० | २००० | १००० | १००० |
| ७.७२ | व्यान्ड वाजा, पन्चे वाजा | १५०० | २५०० | ७५० | १५०० |
| ७.७३ | लाइसेन्स प्राप्त स्थायी चलचित्रहल | २००० | २००० | १००० | १००० |
| ७.७४ | मिनेरलवाटर प्लान्ट | १००० | १००० | ५०० | ५०० |
| ७.७५ | पम्पसेट डिलर | १२०० | १२०० | ६०० | ६०० |
| ७.७६ | डेरीफर्म (प्रशोधन बाहेक) | १५०० | १५०० | ७५० | ७५० |
| ७.७७ | कोकाकोला, पेप्सी, फेण्टा चिसो पेय पदार्थको एजेन्सी | १००० | १००० | ५०० | ५०० |

गौरीगंगा राजपत्र

| | | | | | |
|---|---|---|---|---|---|
| ७.७८ | क्रसरमिल | ५००० | २५००० | २५०० | ६०००० |
| ७.७९ | क्रेसर मिल डिपो | ३००० | ३००० | १५०० | १५०० |
| ७.८० | कपडा को थोक व्यवसाय | २५०० | २५०० | १२५० | १२५० |
| ७.८१ | पुलहाउस | १५०० | १५०० | ७५० | ७५० |
| ७.८२ | पशु खरिद बिक्री व्यवसाय | २००० | २००० | १००० | १००० |
| ७.८३ | टेन्टहाउस, भाडा बर्तन, कुर्सी, जेनेटर, साउन्ड बक्स समेत भएका पसल | २५०० | ५००० | २००० | ३००० |
| ७.८४ | खेलकुदका सामाग्री विक्रि गर्ने (स्पोर्टस हाउस) | | ३००० | | १५०० |
| ७.८५ | मोटरसाईकल, कार मा सजावट गर्ने स्टिकर, नम्वर प्लेट लेख्ने पसल | | ३००० | | १५०० |
| ७.८६ | पुजा सामग्री विक्रि गर्ने पसल | | २५०० | | १२५० |
| ७.८७ | डेरीउद्योग (प्रशोधनसहित) | २००० | २००० | १००० | १००० |
| ७.८८ | नर्सरीवोट विरुवा विक्री व्यवसाय | ५०० | ५०० | २५० | २५० |
| ७.८९ | अल्ट्रा एसिड डिस्टिल्ड वाटर उत्पादन | १२०० | १२०० | ६५० | ६५० |
| ७.९० | डान्स ईन्टिच्युट | | २५०० | | १५०० |
